निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL


प.सं. च.नं. Ref:

मिति: २०७८/२/२

## प्रेस विज्ञप्ति

### राष्ट्रियसभा सदस्य उपनिर्वाचनमा स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य गरिएको

निर्वाचन आयोगले कोभिड-१९ महामारीको विद्यमान यस अवस्थामा राष्ट्रिय सभा सदस्य उपनिर्वाचन सम्पन्न गर्नस्वास्थ्य सुरक्षा मापदण्ड आज मिति २०७८।२।२ गते स्वीकृत गरी लागू गरेको छ।

उक्त स्वास्थ्य सुरक्षा मापदण्ड अनुसार मतदानस्थलमा आवश्यक स्वास्थ्य सामग्री सहित दुइ जना स्वास्थ्यकर्मी रहेको हेल्थ-डेस्क स्थापना गर्ने व्यवस्था गरेको छ। मतदानस्थल तथा मतदान केन्द्रमा प्रवेश गर्नु अघि ७२ घण्टा अवधिभित्रको PCR Report देखाइ साबुन पानीले हात धुने, स्यानिटाइजर प्रयोग गर्ने र मास्क लगाएर मात्र प्रवेश गर्नुपर्नेछ। कोभिड संक्रमण देखिएका मतदाताका लागि छुट्टै मतदानकेन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको र त्यस्तो मतदानकेन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, मतदान प्रतिनिधिहरु सबैले अनिवार्य रुपमा PPE (Personal Protective Equipment) को प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। मतदानस्थल तथा केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक, पर्यवेक्षक, उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि एवं मतदाताले मतदानस्थल वा केन्द्रमा रहँदा कम्तीमा २ मीटरको दूरी कायम गर्नुपर्ने र सबैले अनिवार्य रुपमा Face Shield, पञ्जा र मास्क लगाउनु पर्नेछ। मतदान अधिकृतले एक मतदान केन्द्रमा बढीमा २५ जना मतदाताले मतदान गरी सकेपछि गोप्य मतदान कक्षमा प्रयोग भएका स्वस्तिक छाप लगायतका मतदान सामग्रीहरु र मतदान सम्पन्न भएपछि मतपेटिका सिल गर्नुअघि र मतगणना स्थलमा मतपेटिका खोल्नु अघि  अनिवार्य रुपमा मतपेटिका निसंक्रमण गर्नुपर्ने व्यवस्था समेत गरिएको छ। मतदानस्थलमा अनिवार्य रुपमा आवश्यक उपकरण सहितको एक एम्बुलेन्स प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयको समन्वयमा सम्बन्धित जिल्ला स्वास्थ्य कार्यालय वा जिल्ला अस्पतालबाट व्यवस्था गर्नुपर्ने जस्ता प्रावधानहरु उक्त स्वास्थ्य सुरक्षा मापदण्डमा रहेका छन्।

राष्ट्रियसभा सदस्य उपनिर्वाचनमा पालना गर्नुपर्ने मापदण्ड पालना गरी गराई यस निर्वाचनलाई सुरक्षित रुपमा सम्पन्न गर्न गराउन आवश्यक सहयोगको लागि निर्वाचन आयोग सबै पक्षसँग हार्दिक अनुरोध गर्दछ।  राष्ट्रियसभा सदस्य उपनिर्वाचन स्वास्थ्य सुरक्षा मापदण्ड, २०७८ आयोगको वेब साईट www.election.gov.np मा पनि हेर्न सकिने छ।

०७८/२/२

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np